कोशी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

विराटनगर, नेपाल

प.सं.
च.नं.

मिति : २०८३।०५।१८

विषय: खुला निबन्ध प्रतियोगिता सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा संविधान दिवस (असोज ३ गते) को अवसरमा "जलवायु परिवर्तन र विपद् व्यवस्थापनमा प्रदेश सरकारको भुमिका" विषयमा खुला निबन्ध प्रतियोगिता सञ्चालन गर्ने सम्बन्धी मिति २०८२/०५/१५ गतेको मा. मुख्यमन्त्रीज्यूको अध्यक्षतामा बसेको एघारौ संविधान दिवस, २०८३ मुल समारोह समितिको बैठकको निर्णय अनुसार आन्तरिक मामिला तथा कानुन मन्त्रालयको च.नं. २१४ मिति २०८३/०५/१७ गतेको यस मन्त्रालयलाई प्राप्त पत्रानुसार तपसिल बमोजिमको शर्तको अधिनमा रही खुला निबन्ध प्रतियोगिता सञ्चालन गरिने भएकाले सहभागी हुन इच्छुक सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. निबन्धको विषय: "जलवायु परिवर्तन र विपद् व्यवस्थापनमा प्रदेश सरकारको भुमिका"

२.निबन्ध पठाउने ठेगाना: youthandsportp1@gmal.com

३. निबन्ध आइपुग्नुपर्ने समय: मिति २०८२ भाद्र २५ गते (कार्यालय समयभित्र)

४. पुरस्कार सम्वन्धी व्यवस्था: छनौटमा भएका पहिलो, दोस्रो र तेस्रो हुने प्रतियोगीलाई क्रमश रु. २० हजार, रु. १५ हजार र रु. १० हजार र सान्त्वना हुने ३ जनालाई रु. ५ हजारका दरले नगद पुरस्कार सहित प्रमाणपत्र प्रदान गरिनेछ ।

५. मूल्याङ्कनका आधार: निर्णायक मण्डलले निर्धारण गरेबमोजिम हुनेछ ।

६. शब्द संख्या: निबन्ध बढीमा ३,००० (तीन हजार) शब्दको हुनुपर्नेछ ।

७. अनिवार्य रुपमा नेपाली भाषामा प्रतियोगी स्वयमले लेखेको (हस्तलिखित) हुनुपर्नेछ ।

८. प्रत्येक पानामा क्रमश पेज नम्बर राखी प्रतियोगीको दस्तखत समेत गरी निबन्धलाई PDF बनाई इमेलमा अपलोड गरेको हुनुपर्नेछ ।

९. निबन्ध मौलिक, सृजनात्मक, अन्यत्र कुनै प्रतियोगितामा प्रस्तुत नगरिएको र अप्रकाशित हुनुपर्नेछ

१०.समयसिमा भित्र प्राप्त हुन नसकेको र तोकिए बमोजिम PDF Format मा प्राप्त नभएको निबन्धलाई प्रतियोगितामा समावेश गरिने छैन।

११. निबन्धका साथ आफ्नो पासपोर्ट साइजको फोटो, नाम थर, ठेगाना, सम्पर्क नम्बर र इमेल ठेगाना समेत संलग्न गरी पठाउनुपर्नेछ ।

२०८३/५/१८

मदाशान्ता गमबु